# बुटवल पावर कम्पनी
# ३०औं साधारण सभा सम्बन्धी प्रेस विज्ञप्ती

यस बुटवल पावर कम्पनी लिमिटेडको ३०औं वार्षिक साधारण सभा मिति २०७९।९।३० मा कार्की व्यांक्वेट, बबरमहल, काठमाण्डौमा सञ्चालक समितिका अध्यक्ष श्री पद्म ज्योतिज्यूको अध्यक्षतामा सम्पन्न भयो । उक्त सभाले शेयरधनीहरूलाई आ.व. २०७८/७९ को खुद मुनाफा तथा संचित नाफावाट चुक्त पूँजीको ७.५ प्रतिशत नगद लाभांश वितरण गर्ने तथा ५ प्रतिशत बोनस शेयर जारी गर्ने लगायत संचालक समितिवाट पेश भएका सबै प्रस्तावहरू पारित गरेको छ । नेपाल सरकारको आंशिक लगानी रहेका कारण कम्पनी ऐन, २०६३ वमोजिम नेपाल सरकारको स्वीकृति लिएर शेयरधनीहरूलाई नगद लाभांश यथाशक्य छिटो वितरण गरिने छ । बोनस शेयर जारी भएसंगै कम्पनीको चुक्ता पूँजी रू. ३,४०,९०,६४,६००/- कायम हुनेछ ।

यस कम्पनीले संचालन गर्दै आएका ९.४ मेगावाटको आँधिखोला र १२ मेगावाटको झिमरूक जलविद्युत केन्द्रहरू नियमित रूपमा संचालन भैरहेका छन् । साथै सहायक तथा सम्वद्ध कम्पनीहरू मार्फत सन्चालित ४ मे. वा. को खुदी जलविद्युत केन्द्र र ६० मे. वा. को खिम्ती प्रथम जलविद्युत केन्द्रको संचालन सुचारू रूपमा हुँदै आएको छ । खिम्ती प्रथम जलविद्युत केन्द्रको स्वामित्वको आधा हिस्सा जुलाई २०२० देखी नेपाल विद्युत प्राधिकरणमा गएको छ । लमजुङ्ग जिल्ला स्थित ३० मे.वा. को न्यादी जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न भई २०७९ बैशाख २७ देखि संचालनमा आएको छ । नेपाल विद्युत प्राधिकरणवाट निर्माण हुनु पर्ने प्रशारण लाईन निर्माणमा ढिलाई भएका कारण आयोजनाले बैकल्पिक प्रशारण लाईन निर्माण गरी विद्युत आपूर्तिको व्यवस्था गरिएको छ । यद्यपी नेपाल विद्युत प्राधिकरणले वर्षायाममा सबै विद्युत नलिएका कारण सो आयोजनालाई मार्का पर्न गएको छ ।

३७.६ मे.वा.को कावेली ए जलविद्युत आयोजनाको स्थानीय रूपमा वित्तिय लगानी जुटाएर निर्माण कार्य पुनः सुचारू गर्नका लागि तयारी भैरहेको छ ।

तीन चिनियाँ लगानी कर्ताहरूसंगको संयुक्त लगानीमा मर्स्याङ्दी नदीमा निर्माणको चरणमा रहेका अयोजनाहरूमा १३५ मेगावाटको मनाङ मर्स्याङ्दी जलविद्युत आयोजना, १३९.२ मेगावाटको तल्लो मनाङ मर्स्याङ्दी जलविद्युत आयोजना र ३२७ मेगावाटको माथिल्लो मर्स्याङ्दी दोश्रो जलविद्युत आयोजना क्यासकेड अर्ध जलाशययुक्त अवधारणामा (कुल जम्मा ६०१ मेगावाट) अगाडि बढाउने क्रममा छन् । मनाङ मर्स्याङ्दी जलविद्युत आयोजनाको निर्माण कार्य चालु आ.व. भित्रै शुरू हुनेछ । त्यस्तै ७.९ मेगावाटको चिनोखोला जलविद्युत आयोजना पनि निर्माणको तयारीमा रहेको छ । १६० मे.वा. को मुगु कर्णाली जलविद्युत आयोजना र ७ मे.वा. को झिमरूक सौर्य आयोजनाहरू पनि सम्भाव्यता अध्ययनकै क्रममा रहेका छन ।

कम्पनीको ३०औं वार्षिक साधारण सभा सफलतापूर्वक सम्पन्न गर्न सक्रिय भूमिका निर्वाह गर्ने शेयरधनीहरू प्रति धन्यवाद छ । साथै, कम्पनीको प्रगतिका लागि प्रत्यक्ष वा परोक्षरूपले सहयोग गर्ने तथा योगदान दिने सम्बद्ध सबैलाई धन्यवाद छ ।

धन्यवाद ।

(काठमाडौं)
२०७९ पौष ३० गते, शनिवार